# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

प.सः-२०८३/०८४
च.नं.

विषय : प्रेस विज्ञप्ति ।

नेपालको संविधानको धारा १८(समानताको हक), धारा २४(जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हक), धारा ४०(दलितको हक) तथा जातीय भेदभाव तथा छुवाछुत(कसुर र सजाय) ऐन, २०६८ ले प्रत्येक नागरिकलाई समान सम्मान सहित बाँच्न पाउने अधिकार सुनिश्चित गरेका छन् । राष्ट्रिय दलित आयोग यही संवैधानिक व्यवस्था अनुरुपको आफ्नो कर्तव्य र दायित्वप्रति सचेत र प्रतिवद्ध छ । वास्तविक दलित समुदायका नागरिकहरुले आफ्नो पहिचानका कारण नागरिकता, जातीय प्रमाणपत्र, शिक्षा, रोजगारी तथा राज्यका अन्य सेवाहरुबाट वञ्चित हुन नपरोस र अन्तर्जातीय विवाह गरेका दम्पत्तिका सन्तानहरुमा नागरिकता प्राप्त गर्न भोग्नु परेको कठिनाई लगायत उनीहरु विभिन्न किसिमका संवैधानिक अधिकारहरुबाट वञ्चित हुनुपरेको तथ्य आयोगमा पटक पटक आएका गुनासोहरुले समेत पुष्टि गरेकै छन् । यही व्यवहारिक समस्याको समाधानका लागि आयोगले थरहरुको सूचीकरणको आवश्यकता महसुस गरी नेपाल सरकार समक्ष सिफारिस गरेको हो ।

कुनै समुदायको व्यक्ति दलित वा गैह दलित हो वा होइन भन्ने कुरा नेपाल सरकारबाट भएको सुचीकरण सम्वन्धी सूचनामा उल्लेख भएको वा नभएको आधारमा निर्धारित हुने होइन । यो तथ्य वंशगत अवस्था र सो को निरन्तरताले निर्धारण गर्ने विषय रहेको कुरामा आयोग स्पष्ट छ । उक्त विषयलाई सम्बन्धित सरोकारवालाहरुले पनि सोही रुपमा बुझिदिनुहुन आयोग सबैमा आग्रह गर्दछ ।

आयोगबाट भएको सिफारिस नेपाल सरकारबाट स्वीकृत भई मिति २०८३/०६/०८ मा नेपाल राजपत्रमा प्रकाशित थरहरुको सुचीकरण सम्वन्धी सूचनामा केही "द्विविधा उत्पन्न हुन गएको हुँदा तपसिल वमोजिमका थरहरुको सम्वन्धमा गरिएको थर सूचीकरण सम्बन्धी निर्णयको कार्यान्वयन हाललाई स्थगन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने" भनी आयोगबाट मिति २०८३/०८/०९ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छः

तपसिल

कुपण्डोल, ललितपुर, फोन नं.- ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur. E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np

# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

प.सः-२०८३/०८४
च.नं.

१.कुचिकार २. च्याम खलः ३. च्यामे ४. सुइफर ५. जलारी ६. जालन्धर ७. देउला ८. पूजारी ९. पोडे १०. उपाध्याय ११. कर्माचार्य १२. कुमाल १३. कोनाजु १४. खड्गी १५. खड्की १६. गोर्खाली १७. चित्रकार १८. जोगि १९. ताम्रकार २०. ताम्राकार २१. तुलाधर २२. नगरकोटी २३. नेवाः २४. प्रधान २५. बनेपाली २६.मल्ल २७. रजक २८. राजवंशी २९. लाखे ३०. शाक्य ३१. शाही ३२. श्रेष्ठ ३३. साहु ३४. सिंह ३५. सिं ३६. सिजापति ३७. कनौजिया ३८. रजक ३९. सिकर्मी ४०.कुसुले

मितिः २०८३/०८/०९

देवराज विश्वकर्मा
अध्यक्ष

कुपण्डोल, ललितपुर, फोन नं.- ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur. E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np